बैठक संख्याः ४२

आज मिति २०८२ साल बैसाख महिनाको ०४ गतेका दिन यस बुढीगंगा नगरपालिकाका नगर प्रमुख श्री राम बहादुर बानियाँ ज्यू को अध्यक्षतामा नगर कार्यपालिकाको चालु आ.व. २०८१/०८२ को नवौं बैठक बसी तपसिलको उपस्थितीमा देहायका निर्णयहरु गरियो ।

तपशिलः

| हस्ताक्षर | क्र.स. | नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| | १. | श्री राम बहादुर बानियाँ | नगर प्रमुख | ९८४८६०९१२३ |
| | २. | श्री माया खड्का कुँवर | नगर उपप्रमुख | ९८४८५४०३७२ |
| | ३. | श्री रण बहादुर थापा | १ नं. वडा अध्यक्ष | ९८४१८०८४६७ |
| | ४. | पदम बहादुर भण्डारी | २ नं. वडा अध्यक्ष | ९८४८४८०२८६ |
| | ५. | श्री हरिकेश दमाई | ३ नं. का. वा. वडा अध्यक्ष | ९८४८६०९२३० |
| | ६. | श्री मिन बहादुर शाह | ४ नं. वडा अध्यक्ष | ९८६८८१३२३२ |
| | ७. | श्री चक्र बहादुर थापा | ५ नं. वडा अध्यक्ष | ९८४७२८२१७० |
| | ८. | श्री पार्वती देवि पाध्याय | ६ नं. वडा अध्यक्ष(कीवा) | ९८४८६४४७२५ |
| | ९. | श्री भवन सिंह के.सी. | ७ नं. वडा अध्यक्ष | ९८६५६६८२९५ |
| गुमा | १०. | श्री गुमा सुनार | ८ नं. का.वा. वडा अध्यक्ष | ९८४८६४८४९२ |
| | ११. | श्री | ९ नं. वडा अध्यक्ष | ९८६७७३९६४६ |
| | १२. | श्री | १० नं. वडा अध्यक्ष | ९८५१२११९०१ |
| | १३. | श्री प्रेम बहादुर दमाई ( नेपाली) | कार्यपालिका सदस्य | ९८६४९९४४९३ |
| | १४. | श्री सर्पजित सार्की | कार्यपालिका सदस्य | ९८४८६४५०३४ |
| | १५. | श्री बिष्णु उखेडा | कार्यपालिका सदस्य | ९८६५५६०८६७ |
| बसन्ती | १६. | श्री बसन्ती देवि पाध्याय | कार्यपालिका सदस्य | ९७४८८६३४६७ |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | १७. | श्री शुसिला कुमारी मिजार | कार्यपालिका सदस्य | ९८४८६४४०४९ |
| | १८. | श्री निरुता सुनार | कार्यपालिका सदस्य | ९८६५६९१६११ |
| | १९. | श्री बुदि देवी नेपाली | कार्यपालिका सदस्य | ९८६९९१९६७३ |
| | २०. | श्री अप्सरा देवी थापा | कार्यपालिका सदस्य | ९८६५५३४१८६ |
| | २१. | श्री अम्मर राज जोशी | प्रमुख प्रशासकीय अधिकृत | ९८६५६४९०२७ |

आमन्त्रित उपस्थिति:

| हस्ताक्षर | क्र.सं. | नाम थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| | १ | टंक बहादुर सिंह | माईन्यौट टाईपिष्ट | ९८४८६१८७५४ |
| | २ | टेकराज जैशी | कार्यालय सहयोगी | |

बुढीगंगा नगरपालिकाको ४२ औं तथा आ.व. ०८१/०८२ को नवौं बैठकमा प्रस्तुत प्रस्तावहरू

१. नयाँ बर्षको शुभकामना आदानप्रदान सम्बन्धमा ।
२. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
३. सार्वजनि सुनुववईको मिति संशोधन सम्बन्धमा ।
४. प्रदेशद्वारा हस्तान्तरित ससर्त अनुदानका योजना सम्बन्धमा ।
५- जुने खोला, तुरिघारा खोला औ.क्षे.को रकम सम्बन्धमा ।

राम बहादुर बानियाँ
नगर प्रमुख

निर्णयहरुः

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपाली पात्रो अनुसार विक्रम संमत् २०८२ सालको पावन अवसरमा कार्यपालिकाका सदस्यहरु बिच एक आपसमा शुभकामना आदानप्रदान गर्दै नयाँ वर्ष २०८२ को बुढीगंगा बासि सबैमा हार्दिक मंगलमय शुभकामनाको निर्णय पारित गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०८१/१२/२५ गते यस अघिको बैठकका निर्णयहरुमा कार्यावन्वयन भएका निर्णयहरु राम्रो भएको र कार्यान्वयन नभएका निर्णयहरु प्रभावकारी ढंगले अक्षरशः कार्यान्वयनमा लैजाने निर्णय पारित गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा अघिल्ला बैठकमा भएको छलफलबाट नगरपालिकाका सबै वडाहरु र नगरपालिकामा सार्वजनिक सुनुवाई गर्ने कार्यक्रम विविध कारणले मिति संशोधन भई बाँकी रहेका वडाहरुमा मिति २०८२/०१/०५ गते देखि १२ गते सम्म वडालाई भएको पत्राचार बमोजिम गर्ने र नगरपालिकाको सार्वजनिक सुनुवाई २०८२ साल बैसाख १७ गते गर्ने गरी सबैले आ-आफ्नो तर्फबाट तयारी गरी कार्यक्रम सफल पार्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस बुढीगंगा नगरपालिकामा सुदूरपश्चिम प्रदेश सरकारबाट चालु आ.व. २०८१/०८२ मा कार्यान्वयन हुने गरी ससर्त अनुदानका योजनाहरु नगरपालिकाको प्राथमिकता भन्दा बाहिर रहेर बजेट विनियोजन भएकोले मिति २०८१ साल पौष २५ गते बसेको कार्यपालिका बैठकले नगरपालिकाबाट कार्यान्वयन नगर्ने भनि निर्णय नं.३ मा भएको निर्णयको जानकारी सुदूरपश्चिम प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, धनगढीलाई पठाईएकोमा उक्त मन्त्रालयको चलानी नम्बर ६०२ तथा मिति २०८१/१०/३० गतेको पत्रबाट कार्यान्वयन गर्न नसक्ने कारण सहित नगरपलिकालाई प्राप्त पत्रको जबाफ स्वरुप योजना कार्यान्वयन गर्न नसक्ने कारण सहित नगरपालिकाले मिति २०८१/११/२८ गते पत्र पठाउदा बुढीगंगा नगरपालिका र प्रदेश सरकारका बिच भएका औपचारिक तथा अनौपचारिक छलफलमा आगामि बर्षहरुमा प्रदेश सरकार तथा स्थानिय तहको समन्वय, सहकार्य र सह- अस्थित्वलाई ध्यानमा राखि योजना तथा कार्यक्रममा बजेट विनियोजन गर्ने सहमति भएको हुदा आगामि दिनहरुमा पालिकाको प्राथमिकिकरणलाई उपेक्षा गरी बजेट विनियोजन गरेमा योजनाहरु कार्यान्वयन नगर्ने गरी हाललाई चालु आ.व. मा हस्तान्तरित योजनाहरु नगरपालिकाको नियमानुसार कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा नेपाल सरकारबाट चालु आ.व. २०८१/०८२ मा हस्तान्तरण भएको संघिय ससर्त अनुदान अन्गतर्गत चुने खोला, तुरिधारा खोला झो.पु, लागि विनियोजन भएको रकमबाट सो पुल सँग जोडीएका बाटाहरु निर्माण गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।